# करैयामाई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
करैया, बारा
प्रदेश नं. २, नेपाल
स्था.:२०७३

पत्र संख्याः ०७७/०७८
चलानी नं.: ९९ ५९
मितिः २०७८/०३/१७


विषयः- भुक्तानी निकासा बन्द गर्ने सम्बन्धमा ।

श्री सरोकार निकाय सबै

प्रस्तुत विषयमा अर्थ मन्त्रालयको प.सं. २०७७/०७८ च.नं. ८८२ मिति २०७८/०३/१५ गतेको पत्रानुसार आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३० को उपनियम (१) र ३० (२) ले आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा एक साता अगाडी भुक्तानी निकासा बन्द गर्ने र अत्यावश्यक देखिएमा प्रमाणका आधारमा कोष तथा लेखा नियन्त्रण कार्यालयले भुक्तानी निकासा गर्न सक्ने व्यवस्था गरेकोमा प्रदेश तथा स्थानीय सरकारको हकमा सोही नियमावलीको नियम ३० को उपनियम (७) ले आर्थिक वर्ष समाप्त हुनु भन्दा ७(सात) दिन अगावै भुक्तानी निकासा बन्द गर्ने व्यवस्था गरेको तर अत्यावश्यक परेमा त्यस पश्चात भुक्तानी गर्न सक्ने व्यवस्था गरेकोले सो सम्बन्धमा प्रदेश र स्थानीय सरकारको हकमा नीतिगत निर्णय हुन महालेखा नियन्त्रक कार्यालयबाट अर्थ मन्त्रालयमा पेश भएकोमा उल्लेखित नियमावलिको नियम ३०(२) को व्यवस्था प्रदेश तथा स्थानीय सरकारको हकमा लागु नहुने र यस विषयमा प्रदेश तथा स्थानीय सरकारले आर्थिक कार्यविधी तथा वित्तिय उत्तर दायित्व ऐन नियमावलीको प्रतिकुल नहुने गरि कानुन तर्जुमा गर्न सक्ने मिति २०७७/०३/१५ गतेको माननिय उपप्रधान तथा अर्थ मन्त्रीस्तरीय निर्णय भई आएको हुँदा सोही अनुसार भुक्तानी निकासा बन्द गर्नु/गराउनु भनि पत्र प्राप्त भएकोले सोही बमोजिम गाउँपालिकाको चालु, पुंजीगत लगायत सम्पूर्ण भुक्तानीको चेक मिति २०७८/०३/२५ गते सम्म मात्र हुने भएकोले सरोकारवाला सबैलाई जानकारी गराईन्छ ।

नोटः- स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संसदीय कोष)को भुक्तानी असार २१ गते सम्ममा मात्र हुनेछ ।त्यस पछि भुक्तानी हुनेछैन ।

...................................
सुरेन्द्र प्रसाद यादव
प्रमुख प्रशासकीय अधिकृत